उच्च अदालत पाटन
२०७३

# उच्च अदालत पाटनबाट जारी सूचना

विश्वब्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्टको संक्रमण नेपालमा पनि तिव्र गतिमा बढिरहेको र त्यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले मिति २०७८/०१/०६ मा जारी गरेको जनस्वास्थ्य सम्वन्धी मापदण्ड सहितको आदेश तथा नेपाल सरकारका सम्वद्ध निकायहरुबाट जारी भएका सूचना समेतका आधारमा अदालतहरुबाट सम्पादन हुने काम कारवाही र प्रवाह हुने सेवामा संकुचन गर्ने सम्वन्धको सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८/०१/१४ मा जारी प्रेस विज्ञप्तीलाई मार्गदर्शनको रुपमा लिई स्थानीय परिस्थिति एबम् जोखिमको अवस्थालाई मध्यनजर गरी अर्को निर्णय नभए सम्म २०७८ बैशाख मसान्त सम्मका लागि सेवा प्रवाहमा संकुचन ल्याउने सम्वन्धमा मिति २०७८/०१/१५ गते बसेको उच्च अदालत पाटनको पूर्ण बैठकबाट देहाय बमोजिम गर्ने निर्णय भएको ब्यहोरा सम्वन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

१. आज मिति २०७८/०१/१५ गते बुधबार देखि ऐ. बैशाख मसान्तसम्म यस अदालतमा बन्दिप्रत्यक्षीकरणका निवेदन दर्ता र सुनुवाईको कार्य गर्ने ।

२. बैंङ्किङ्ग कसुर तथा राजश्व चुहावट मुद्दाहरुमा अभियोगपत्रसाथ उपस्थित गराईएका वा पक्राउ परेका म्यादमा हाजिर हुन आउने प्रतिवादीहरुको ७२ (बहत्तर घण्टा) भित्रको पि.सि.आर परीक्षणको नेगेटिभ रिपोर्ट सहित उपस्थित गराइएको/भएको अवस्थामा मात्र स्वास्थ्य सुरक्षाका मापदण्डहरु पूरा गरी दर्ता तथा थुनछेक सम्वन्धी कारवाही र सुनुवाई गर्ने ।

३. म्याद थप, पक्राउ पूर्जी अनुमति र जरुरी पक्राउ पूर्जीको समर्थनको कार्य नियमित रुपमा गर्ने। यस्ता कार्य सकभर विद्युतिय माध्यमको प्रयोग गरी गर्ने ब्यवस्था प्रशासनले मिलाउने।

४. मुद्दा फिर्ता, मिलापत्र र तोकिएको सजाय निर्धारणको कार्यलाई निरन्तरता दिने ।

५. उपरोक्त प्रकरण नं १,२,३,४ मा उल्लेखित कार्य बाहेकका मुद्दा सम्वन्धी अन्य कामकारवाही र सेवा अर्को निर्णय नभएसम्म २०७८ बैशाख मसान्तसम्म स्थगन गर्ने।

उच्च अदालत पाटन
२०७३

२

६. कामकारवाही तथा सेवा स्थगन भएका अवधिका मुद्दा, रिट तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद, तारेख नगुज्रने ।

७. बहसमा न्युनतम संख्यामा कानून ब्यवसायी आलोपालो उपस्थित हुने गरी समन्वय र सहजीकरण गरिदिन उच्च अदालत बार एशोसियसनलाई जानकारी गराउने ।

८. स्वास्थ्य सुरक्षाका मापदण्ड पुरा गर्दै न्यायाधीश तथा कर्मचारी जनशक्तिहरुले फैसला लेखन/तयारी, मुद्दाको टिपोट, मिसिलको आन्तरिक निरीक्षण, मिसिलका कागजात धुल्याउने लगायतका काम शिघ्रताका साथ गर्ने। सोको ब्यवस्थापनमा प्रशासनले सहजीकरण गर्ने। साथै जनशक्तिको उपस्थिति र कार्य संचालन तथा कार्य सम्पादनमा सहजीकरण प्रशासनले गर्ने ।

९. सेवा प्रवाह संकुचनको प्रस्तुत निर्णयमा संक्रमणको अवस्था र आवश्यकताअनुसार पुनर्विचार गर्नुपर्ने देखिएमा परिस्थितिको मुल्याङ्कन गरी पूर्ण बैठकले जुनसुकै बखत पुनर्विचार गरी निर्णय गर्न सक्ने।

१०. यस अदालतबाट सम्पादन हुने काम कारवाही र प्रवाह हुने सेवामा संकुचन गरिएको प्रस्तुत विषयको जानकारी सर्वोच्च अदालतमा पठाउने ।

११. सेवा प्रवाहमा संकुचन गर्ने सम्वन्धको प्रस्तुत निर्णयको जानकारी उच्च सरकारी वकिल कार्यालय पाटन, विशेष सरकारी वकिल कार्यालय काठमाण्डौ, राजश्व अनुसन्धान विभाग र उच्च अदालत बार एशोसियसन पाटनलाई प्रशासनले पठाई दिने।

७८।१।१५

अमृता कुमारी शर्मा

प्रवक्ता

मितिः-२०७८/०१/१५